नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
कालिगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक योजना)
जोमसोम, मुस्ताङ

visit Nepal 2020 Lifetime Experiences

प स:०७७/७८
च नं: ६३७

फोन नं.: ०६९-४४०४७०
ईमेल : kcbjkrp@gmail.com
मितिः-२०७७/१२/०९

विषयः- निर्माणको सिलसिलामा सडक बन्द गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,मुस्ताङ/म्याग्दी/पर्वत ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,मुस्ताङ/म्याग्दी/पर्वत ।
श्री स्थानिय तह, सबै मुस्ताङ ।
श्री जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालय,मुस्ताङ ।
श्री सुरक्षा निकायहरु, सबै मुस्ताङ ।
श्री उद्योग बाणिज्य संघ, मुस्ताङ/म्याग्दी/पर्वत ।
श्री नेपाल प्रत्रकार महासंघ जिल्ला शाखा, मुस्ताङ/म्यादी/पर्वत/कास्की ।

प्रस्तुत सम्बन्धमा कालिगण्डकी कोरिडोर बेनी जोमसोम कोरला सडक योजना अन्तर्गत सडक स्तरोउन्नती तथा निर्माण कार्य सुचारु रुपले अगाडी बढाउनको लागि मिति २०७७/१२/०९ गते श्रीमान प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सडक सुरक्षा समिति मुस्ताङका अध्यक्ष श्री हिरादेवी पौडेल ज्युको संयोजकत्वमा बसेको समन्वय तथा सहजिकरण बैठकवाट उक्त सडक योजनाको बेनी जोमसोम खण्ड अन्तर्गत पर्ने काभ्रेभिर,घासाको कैकु र घोप्टे भिर लगाएत अन्य स्थानमा विष्फोटक पदार्थ प्रयोग गरी सडक निर्माण कार्य गर्नका लागि मिति २०७७ चैत्र १४ गते देखि १७ गते सम्म सवारी साधन आवतजावत बन्द गर्न निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दै सम्बन्धीत सरोकारवाला सबैलाई सुचना प्रवाह गरि सहयोग गरिदिनुहुन अनुरोध छ । साथै यसबाट यात्रीमहानुभावहरुमा उत्पन्न हुन जाने असहज परिस्थितिका लागि क्षमा प्रार्थि छौं ।

२०७७/१२/०९

.........................
रामेश्वर लम्साल
योजना प्रमुख



योजना प्रमुख

आज मिति २०७७ साल चैत्र ९ गते मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सडक सुरक्षा समिति मुस्ताङका अध्यक्ष श्री हिरादेवी पौडेलको अध्यक्षतामा जिल्ला सडक सुरक्षा समिति मुस्ताङको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

<u>विशेष उपस्थिती</u>

माननीय श्री महेन्द्र बहादुर थकाली, प्रदेश सभा सदस्य, गण्डकी प्रदेश

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| प्र.जि.अ. | श्री हिरादेवी पौडेल, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ | अध्यक्ष |
| यो.प्र. | श्री रामेश्वर लम्साल, कालीगण्डकी करिडोर स.यो. | सदस्य |
| प्र.से. | श्री सुवास के.सी., बज्रदल गण, मुस्ताङ | सदस्य |
| प्र.ना.उ. | श्री नविन कृष्ण भण्डारी, जिल्ला प्रहरी कार्यालय, मुस्ताङ | सदस्य |
| प्र.अ.अ. | श्री टिकाराम घले, रा.अ.जि.का., मुस्ताङ | सदस्य |
| स.प्र.नि. | श्री डम्बर बहादुर श्रेष्ठ, स.प्र.बल नं.३३ गुल्म हे.क्वा.,मुस्ताङ | सदस्य |
| प्र.मानि. | श्री विष्णु बहादुर नेपाली, जि. ट्राफिक प्रहरी का., मुस्ताङ | सदस्य |
| स.प्र.जि.अ. | श्री जगदीश अर्याल, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ | सदस्य सचिव |

<u>आमन्त्रित</u>

ले.अ. श्री चन्द्रशेखर सापकोटा, कालीगण्डकी करिडोर सडक योजना, मुस्ताङ

श्री नरेन्द्र न्यौपाने (राजन), 'शर्मा-गजुरमुखी जे.भी.

<u>निर्णय नं. १</u>

निर्माणाधीन कालीगण्डकी करिडोर (बेनी-जोमसोम कोरला) सडक अन्तरगत मुस्ताङ जिल्लाको थासाङ गा.पा. वडा नं. ४ काभ्रे भिर र कैकु खोलामा Base बगाउने तथा पहिरो आउने समेतको कारण सवारी साधन चल्न नसक्ने र चलाउँदा पनि अत्यन्तै जोखिमयुक्त भएकोले मिति २०७७।१२।१४ देखि २०७७।१२।१७ गतेसम्म (मुस्ताङबाट Refer भएका विरामी लैजाने Ambulance बाहेक) दुवै स्थानको सडक पूर्ण रुपमा वन्द गरी तत्काल मर्मत कार्य गर्ने । सो अवधिमा कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सबै स्रोत साधन एकत्रित गरी मर्मत कार्य सम्पन्न गर्ने व्यवस्था सडक ठेकेदार पक्षले मिलाउने ।

<u>निर्णय नं.२</u>

निर्णय नं. १ बमोजिमको सूचना सबै निकायहरुमा र राष्ट्रिय स्तरको प्रकाशन, प्रसारण र अनलाइन माध्यमबाट सडक आयोजनाले प्रचार प्रसार गर्ने ।

<u>निर्णय नं.३</u>

उपरोक्त निर्णय बमोजिम सडक मर्मत कार्यको लागि बन्द गर्दा यात्रु महानुभवहरुमा पर्न गएको असुविधाप्रति क्षमा याचना गर्दै उक्त कार्यमा सहयोग गरिदिनुहुन सरोकारवाला सबैमा अनुरोध गर्ने ।